बैठक नं. ३५

आज मिति २०७५/०९/२४ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिंमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहानको ८:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बह्नादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | बिष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | राजेन्द्र सिग्देल | नि. प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. ३५.१
**नगर सहकारी ऐन, २०७४ माथि संशोधन सम्बन्धमा ।**
निर्णय नं. ३५.१
यस बुटवल उप-महानगरपालिकाको नगर सहकारी ऐन, २०७४ को परिच्छेद ९ को दफा ४१ को उपदफा २ मा संशोधन गर्न आवश्यक भएको हुँदा मिति २०७५/०९/२५ गते दिनको ११:०० बजे बस्ने चौथो नगर सभाको बैठकमा नगर सहकारी ऐन, २०७४ मा (पहिलो) संशोधनका लागि संशोधन प्रस्ताव लैजाने निर्णय गरियो ।

प्रस्ताव नं. ३५.२
**भाषा, कला, साहित्य, संस्कृति प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक, २०७५ सम्बन्धमा ।**
निर्णय नं. ३५.२
आजको बैठकमा प्रस्तुत हुन आएको भाषा, कला, साहित्य, संस्कृति प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक, २०७५ माथि दफाबार छलफल गरियो । छलफलमा उठेका विषयहरुलाई सम्बन्धित दफा, उपदफाहरुमा समावेश गरी मिति २०७५/०९/२५ गते दिनको ११:०० बजे बस्ने चौथो नगर सभाको बैठकमा उल्लेखित विधेयक, २०७५ प्रस्तावको रुपमा लैजाने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३५.३**
**बुटवल उप-महानगरपालिकाको बाल बालिकाको अधिकार व्यवस्थित गर्ने विधेयक, २०७५ सम्बन्धमा ।**
निर्णय नं. ३५.३
आजको बैठकमा प्रस्तुत हुन आएको बुटवल उप-महानगरपालिकाको बालबालिकाको अधिकार व्यवस्थित गर्ने विधेयक, २०७५ माथि दफाबार छलफल गरियो । छलफलमा उठेका विषयहरुलाई सम्बन्धित दफा, उपदफाहरुमा समावेश गरी मिति २०७५/०९/२५ गते दिनको ११:०० बजे बस्ने चौथो नगर सभाको बैठकमा उल्लेखित विधेयक, २०७५ प्रस्तावको रुपमा लैजाने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३५.४**
**बुटवल उप-महानगरपालिकाको न्यायिक (कार्यविधि) विधेयक, २०७५ सम्बन्धमा ।**
**निर्णय नं. ३५.४**
आजको बैठकमा प्रस्तुत हुन आएको बुटवल उप-महानगरपालिकाको न्यायिक (कार्यविधि). विधेयक, २०७५ माथि दफाबार छलफल गरियो । छलफलमा उठेका विषयहरुलाई सम्बन्धित दफा, उपदफाहरुमा समावेश गरी मिति २०७५/०९/२५ गते दिनको ११:०० बजे बस्ने चौथो नगर सभाको बैठकमा उल्लेखित विधेयक, २०७५ प्रस्तावको रुपमा लैजाने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

३५.५ विविध
प्रस्ताव नं. ३५.५.१
**निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन, ओसार पसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५ सम्बन्धमा ।**
निर्णय नं. ३५.५.१
यस बुटवल उप-महानगरपालिकाको लागि निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन, ओसार पसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५ आवश्यक भई आजको बैठकमा प्रस्तुत

हुन आएको हुँदा सो कार्यविधि माथि दफाबार छलफल गरियो । छलफलमा उठेका विषयहरुलाई सम्बन्धित दफा, उपदफाहरुमा समावेश गरी तयार भएको देहाय बमोजिमको निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन, ओसार पसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो ।

# निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन्, ओसारपसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५

बुटवल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही

# निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन्, ओसारपसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५

पृष्ठभूमि:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २. ञ. १२, १३ अनुसार सम्बन्धित नगरपालिकालाई सम्बन्धित क्षेत्रको वातावरण संरक्षण र जैविक विविधता कायम राख्नका साथै वातावरणीय जोखिम न्यूनीकरण गर्ने गराउने दायित्व तोकेकोले सो गर्ने गराउने सन्दर्भमा भू-सतह तथा भूगर्भको उत्खननलाई व्यवस्थित गरी प्राकृतिक सम्पदाको समुचित प्रयोग गर्न गराउन आवश्यक भएकोले जुनसुकै प्रकारको उत्खननलाई यसै कार्यविधि बमोजिम गर्न गराउनका लागि यो निजी जग्गाको माटो वा निर्माण जन्य अन्य खनिज पदार्थको उत्खनन्, ओसारपसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५ बनाई लागू गर्न वाञ्छनीय भएकोले ५ नं. प्रदेश सरकार, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७५ को परिच्छेद ३ दफा ४ को उपदफा १ मा भएको व्यवस्था बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी बुटवल उप-महानगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

१.१ <u>संक्षिप्त नाम र प्रारम्भ</u>

(१) यो कार्यविधिको नाम **"<u>निजी जग्गाको माटो वा निर्माण जन्य अन्य खनिज पदार्थको उत्खनन्, ओसारपसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५</u>"** रहेको छ ।

(२) यो कार्यविधि बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि बुटवल उप-महानगरपालिका भित्र रहेका निजी स्वामित्वको जग्गामा माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खननका लागि आवश्यक पर्ने उपकरणको प्रयोगबाट गरिने उत्खनन कार्यका लागि लागु हुनेछ ।

१.२ <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यालय"** भन्नाले बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(ख) **"अनुगमन समिति"** भन्नाले बुटवल उप-महानगरपालिका को नगरस्तरीय अनुगमन समितिलाई जनाउने छ ।

(ग) **"उमनपा"** भन्नाले बुटवल उप-महानगरपालिकालाई जनाउने छ ।

(घ) **"निर्माणजन्य खनिज पदार्थ"** भन्नाले भूगर्भ वा भू-सतहमा रहेको माटो, ढुङ्गा, ग्राभेल, मिस्कट, बालुवा, गिट्टी र भास्कट समेतलाई जनाउने छ ।

(ङ) **"पदार्थ"** भन्नाले जमिन उत्खननका क्रममा निस्कने सबै प्रकारका ठोस पदार्थलाई जनाउने छ ।

१.३ <u>कार्यविधिको आवश्यकता</u>:

(क) निजी स्वामित्वमा रहेको जग्गामा व्यवस्थित उत्खनन गरी कृषि उत्पादन वृद्धिमा सहयोग पुऱ्याउन ।

(ख) साधारण निर्माणजन्य खनिज पदार्थको बजार अभाव घटाइ निजी स्वामित्वको जग्गाबाट समेत व्यवस्थित उत्खनन गरी त्यस्ता पदार्थको बजार आपूर्ति सहज बनाउन ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २. ञ. १२,१३ एवं प्रदेश कानून बमोजिम निजी जग्गामा उत्पादन भएको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा समेतमा कर लगाउन सक्ने कानूनी अधिकारको समुचित प्रयोग गर्दै राजश्व चुहावट हुनबाट रोक्न ।

१.४ कार्यविधिको उद्देश्य :

(क) उद्योग जन्य कच्चा पदार्थ/निमार्णजन्य अन्य खनिज पदार्थ स्थानीय रुपमा आपूर्ति गर्ने ।

(ख) निषेधित क्षेत्र र सरकारी तथा सार्वजनिक स्थलको गैरकानूनी उत्खननलाई नियन्त्रण गर्ने ।

(ग) उत्खननका क्रममा र उत्खनन पश्चात आउन सक्ने सानातिना स्थानीय विवाद घटाउने ।

(घ) निजी स्वामित्वमा रहेको जग्गालाई खेतियोग्य बनाउन सहयोग पुऱ्याउने ।

(ङ) निजी जग्गामा एक प्रकारको उत्पादन प्रणालीबाट अर्को प्रकारको उत्पादन प्रणालीमा जान चाहने कृषकलाई सहजीकरण गर्ने ।

(च) अव्यवस्थित उत्खननबाट स्थानीय पर्यावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई उत्खनन पूर्व आँकलन गरी नकारात्मक प्रभाव घटाउने कियाकलाप सहित उत्खनन कार्य व्यवस्थित गर्ने ।

१.५ कार्यविधि लागू हुने क्षेत्र : यो कार्यविधि बुटवल उप-महानगरपालिकामा रहेको निजी स्वामित्वको जग्गामा यान्त्रीक उपकरणको प्रयोग समेतबाट भूं-पदार्थ उत्खनन गरिने कार्यका लागि मात्र लागू हुनेछ ।

## परिच्छेद २

२.१ अनुमति लिनु पर्ने: बुटवल उप-महानगरपालिका क्षेत्रभित्र रहेका जुनसुकै जग्गा धनीले भारी यान्त्रिक उपकरणको प्रयोग गरी देहायको कार्य गर्दा गराउँदा बुटवल उप-महानगरपालिकाको कार्यालयबाट अनुमति लिनु पर्नेछ ।

(क) जुनसुकै उद्देश्यले यान्त्रिक उपकरणको प्रयोग गरी उत्खनन गर्ने कार्य ।

(ख) जमीन सम्याउने वा खेतियोग्य बनाउने कार्य ।

(ग) माछा पोखरी निमार्ण गर्ने कार्य ।

(घ) उत्खननबाट निस्कने साधारण निमार्णजन्य खनिज पदार्थ एक स्थानबाट अर्को स्थानमा ओसार पसार गर्ने कार्य ।

ङ) इटा निर्माण कार्य ।

तर हाते औजारको प्रयोग गरी कृषकले आफ्नो स्वामित्वमा रहेको जमिन खनी निस्कने माटो व्यापार गर्ने उद्देश्य नराखी निश्चित स्थान सम्म लैजानका लागि अनुमति लिई रहनु पर्ने छैन ।

२.२ अनुमति माग गर्ने विधि: अनुमति माग गर्ने निवेदकले देहायको कागजात सहित अनुसूचि २ बमोजिमको ढाचाँमा नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१. जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि १

२. नेपाली नागरिकताको प्रतिलिपि १

३. सम्बन्धित वडाबाट चौकिल्ला खुलेको सिफारिस पत्र १

४. मालपोत तिरेको रसिदको प्रतिलिपि १

५. जग्गाको कित्ता नम्बर खुलेको नाप नक्साको प्रतिलिपि १

६. माछापोखरी निमार्णको हकमा, कुनै निकायको सिफारिस आवश्यक पर्ने भएमा, सो निकायको सिफारिस पत्र ।

७. उत्खनन गर्न प्रस्ताव गरिएको जग्गाका संधियारका जग्गाधनिको सहमति ।

## परिच्छेद ३

३.१ **अनुमति प्रदान गर्ने विधिः** परिच्छेद २ को २. २ बमोजिम रित पुर्वकको निवेदन प्राप्त भएपछि कार्यालयले देहाय बमोजिको कार्यविधि पूरा गरी कागजात पूरा भएको मितिले ७ दिन भित्रमा अनुमति दिन सक्ने छ ।

(क) निवेदन उपर छानविन तथा जग्गाधनिको सनाखत गर्ने ।

(ख) सामाजिक तथा वातावरणीय पक्षको अनुसूचि १ बमोजिमको ढाचाँमा स्थलगत रुपमा टोल विकास संस्था र वडा सदस्यको रोहवरमा भेला गराई लेखाजोखा गर्ने । यसरी गरिएको लेखाजोखाबाट सम्भाव्य देखिएमा मात्र अनुमतिका लागि थप कारवाही अगाडि बढाउनु पर्ने छ ।

(ग) प्राविधिक कर्मचारीबाट उत्खनन हुने निमार्णजन्य खनिज पदार्थको परिमाण र ओसार पसार हुने परिमाणको एकिन गर्ने ।

(घ) उत्खनन गर्दा निस्कने पदार्थहरुको कुल परिमाण मध्ये ओसार पसार हुने माटो वा साधारण निमार्णजन्य खनिज पदार्थको परिमाण एकिन गरी दफा ४.१ अनुसार तोकेको दरमा उमनपा राजश्व बुझाउने ।

(ङ) राजश्व दाखिला भई सकेपछि उत्खनन गर्ने यान्त्रिक उपकरणको विवरण र ओसार पसारमा संलग्न गरिने सवारी साधनको विवरण लिई उत्खनन तथा ओसार पसार गर्न लाग्ने अवधि एकिन गरी कार्यलयले अनुमति दिन सक्नेछ ।

३.२ **म्याद थप गर्न सकिनेः** पहिलो पटक निश्चित अवधि तोकी उत्खनन तथा ओसार पसार गर्ने अनुमति प्रदान गरिएको म्याद भित्र कार्य सम्पादन हुन नसकेको कुनै मनासिव कारण देखाई म्याद थपका लागि कार्य सम्पादनको प्राविधिक प्रतिवेदन र वडा समितिको सिफारिस समेत संलग्न गरी माग भएमा कारण मुनासिव भए बाकी रहेको कार्य सम्पादन गर्न लाग्ने अवधिका लागि कार्यालयले म्याद थप गर्न सक्नेछ ।

३.३ **विवरण हेरफेर गर्न सकिनेः** उत्खनन तथा ओसार पसारका लागि अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकारण तथा सवारी साधनको विवरण उचित कारण सहित हेरफेर गर्न माग भएमा औचित्यका आधारमा कार्यालयले हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद ४

४.१ **राजश्व तथा शुल्क सम्बन्धी व्यवस्था**

४.१.१ माटो उत्खनन् वापत प्रति घन फुट रु. २।- राजश्व लाग्ने छ ।

४.१.२ माटो तथा अन्य नदीजन्य पदार्थ ढुवानी गर्दा प्रति घन फुट रु १।-पर्यावरण शुल्क लाग्ने छ ।

४.१.३ वार्षिक रुपमा ट्याक्टर दर्ता शुल्क रु ५,०००।- लाग्ने छ ।

४.१.४ नदीजन्य पदार्थ उत्खनन् वापत प्रति घन फुट रु. ३।- राजस्व लाग्ने छ ।

४.१.५ वार्षिक रुपमा टिप्पर तथा भारी यन्त्र तथा उपकरण दर्ता शुल्क रु १२,०००।- लाग्ने छ ।

४.२ **उत्खननका लागि शर्त तथा मापदण्डहरु** : उत्खननका लागि अनुमति प्राप्त व्यक्तिले प्रस्तावित स्थलमा उत्खनन गर्दा देहाय बमोजिमका शर्त तथा मापदण्डहरु पालना गर्नु पर्नेछ ।

(क) उत्खनन अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण र सवारी साधनको मात्र प्रयोग गर्नु पर्नेछ ।

(ख) माछा पोखरी निमार्णको हकमा बढीमा ६ फिटसम्म गहिराईमा उत्खनन गर्नु पर्नेछ ।

(ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबभन्दा तल्लो तहसम्म मात्र उत्खनन गर्नु पर्नेछ ।

(घ) डाँडा खाल्ला मिलाई खेतियोग्य जमिन बनाउने कार्यको हकमा सबभन्दा उँचा भागलाई हटाउने सम्मको परिमाण सम्म उत्खनन गर्नु पर्नेछ ।

(ङ) ग्रेग्रान गिट्टी बालुवा हटाई जमिन सुधार गर्न वा खेतियोग्य बनाउन प्राविधिक नाप जाँच भएको परिमाण मात्र हटाउनु पर्नेछ र शर्त उल्लघन गरी खाडल पुर्नु पर्ने भएमा माटोको व्यवस्था समेत सम्बन्धीत पक्षले गर्नु पर्नेछ ।

(च) उत्खनन कार्य बिहान ८ बजेबाट साँझ ६ बजे सम्म मात्र गर्नु पर्नेछ ।

४.३ **अनुमति दिन नसकिने** : देहायको अवस्था र जग्गामा अनुमति दिन सकिने छैन ।

(क) नदीजन्य पदार्थ उत्खनन गर्न निषेध भएको क्षेत्र ।

(ख) नगर अनुगमन समितिको सिफारिसमा उमनपाको निर्णयबाट निषेध गरेको क्षेत्र ।

(ग) सरकारी प्रति जग्गा, वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा रहि भोगाधिकार मात्र प्राप्त भएको जग्गा ।

(घ) निजी जग्गाको चौकिल्ला मध्ये कुनै किल्लामा सरकारी सार्वजनिक जमिन रहेछ भने त्यस्तो जग्गा ।

(ङ) कुनै जग्गामा प्रस्तावित उत्खननले प्रकोप निम्त्याउन सक्दछ भन्ने प्राविधिक प्रतिवेदनले औल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा ।

(च) कार्यालयबाट गरिने सामाजिक तथा वातावरणीय लेखाजोखाले अनुपयुक्त देखाएको जग्गा ।

४.४ **ओसार पसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्डहरु** :

अनुमति लिई उत्खननबाट निस्केको पदार्थहरु अन्यत्र ओसार पसार गर्ने गरी अनुमति भएको रहेछ भने त्यस्ता अनुमति प्राप्त व्यक्तिले ओसार पसार गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

(क) उत्खनन स्थलबाट अन्यत्र ओसार पसार गरिने पदार्थहरुको उत्खननकर्ताले कानूनले तोकेको नमुनाको पटके बिकी आदेश र बिजक संगै जारी गर्नु पर्नेछ । सो को अभिलेख तोकिएको ढाँचाको खातामा राखि पटके बिकी आदेशको एक प्रति र सो को परिमाण खुल्ने तेरीज तयार गरी कार्य सम्पन्न हुने बित्तिकै उमनपामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । खाता तथा आवश्यक कागजात उमनपा.बाट नमुना लिई उत्खननकर्ताले आफै छपाई गर्नु पर्नेछ ।

(ख) उत्खनन स्थलबाट पदार्थ ओसार पसार गर्दा विहान ८ बजे देखि साँझ ६ बजे सम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(ग) उत्खनन भएको पदार्थ ढुवानी गर्ने सवारी, साधनहरुमा १२० घनफिट सम्मको ट्रेक्टर २५० घनफीट सम्मको ट्रक/टिपर गाडी मात्रको प्रयोग गर्न पाउनेछ ।

(घ) पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधीभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

(ङ) पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्नेछ र राजमार्ग बाहेकका भित्री सडकमा सवारीको गति समेत ४० कि.मी. प्रतीघण्टा भन्दा कम गतिमा चलाउनु पर्नेछ ।

(च) ओसार पसार गर्ने भित्री बाटोहरुमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य उत्खननकर्ताले नै गर्नु पर्ने छ ।

(छ) स्थानीय नागरिकहरुबाट भएका उत्खनन तथा ओसार पसार सम्बन्धमा कुनै गुनासो राखेमा सो को व्यवस्थापन उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

(ज) उत्खनन स्थलमा तोकिएको विवरण सहितको सूचनापाटी राख्नु पर्नेछ ।

(झ) सडकको भार बहन क्षमता अनुसारको सवारी साधन मात्र प्रयोग गर्नु पर्नेछ ।

(ञ) ओसार पसारकालागि लोड भएको सवारी गन्तब्यमा नपुगुन्जेल सडक किनारामा रोकी राख्न पाइने छैन ।

## परिच्छेद ५

५.१ **शर्त उल्लंघन गर्ने उपरको कारवाही** : उत्खनन र ओसार पसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाइएमा त्यस्तो उत्खननकर्ता र ढुवानीकर्तालाई देहाय बमोजिम हुनेछ ।

(क) तोकिएको स्थानमा बाहेक अन्यत्र उत्खनन गरेकोमा तत्काल अनुमति पत्र खारेज गरी उत्खनन गरेको परिमाणको हुने राजश्व र सोही बराबरको थप रकम बुझाउन लगाई उत्खनन गरेको स्थलको खाडल पुर्नु पर्ने छ ।

(ख) स्वीकृत भएको परिमाण र गहिराई भन्दा बढी उत्खनन गरेमा बढी उत्खनन गरेको तत्काल अनुमति पत्र खारेज गरी उत्खनन गरेको परिमाणको हुने राजश्व र सोही बराबरको थप रकम बुझाउन लगाई उत्खनन गरेको स्थलको खाडल पुर्नु पर्नेछ ।

(ग) अनुमतिमा तोकिएका साधन बाहेक अन्य साधनबाट उत्खनन तथा ओसार पसार गरेमा वा यस कार्यविधि ७.२ बमोजिम कार्यालयले दिएको निर्देशन पालना नगर्ने उत्खननकर्ता तथा ओसारपसार कर्तालाई प्रदान गरिएको अनुमति पत्र तत्कालै खारेज गरिने ।

(घ) कार्यविधि विपरीत अवैध रुपमा माटो तथा अन्य निर्माण जन्य खनिज (नदीजन्य समेत) पदार्थ उत्तखनन् तथा ओसार पसार गरेको पाइएमा देहाय अनुसार जरिवाना गरिने छ ।

(क) १. टयाक्टर रु. १०,०००।-

२. ट्रक, टिपर रु. २०,०००।-

३. व्याक हु लोडर/स्क्याभेटर रु. २५,०००।-

(ख) पटके जरिवना जरिवनाको दोब्बर रकम लिइने छ ।

## परिच्छेद ६

६.१ **अनुगमन तथा निरीक्षण सम्बन्धी-व्यवस्था** : यस कार्यविधि बमोजिम गरिएका काम कारवाहीको अनुगमन गर्न देहाय बमोजिमका संयन्त्र परिचालन गरिनेछ ।

(क) उप-महानगरपालिकाबाट गरिने अनुगमन: उप-महानगर उप-प्रमुख संयोजक रहेको नगर अनुगमन समितिबाट जुनसुकै बेला उत्खनन तथा ओसार पसार कार्यको अनुगमन गर्न सकिने छ । यो अनुगमनबाट

भएको निर्देशन कार्यालय र उत्खननकर्ता र ओसार पसार गर्ने पक्षले पालना गर्नु पर्नेछ ।

(ख) कार्यालयबाट गरिने अनुगमनः अनुमति प्रदान गरी सकेपछि कार्यालयले तोकेको कर्मचारी सहितको टोली बनाई उक्त टोलीबाट कार्य प्रारम्भ गर्न लाइन दिने अवस्थामा, कार्य प्रारम्भ भई सकेपछि बीच वीचमा र कार्य सम्पन्न भई सकेपछि अनुगमन गर्नु पर्नेछ । यसरी गरिएको पटक पटकको अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्ने दायित्व सम्बन्धित अनुगमन गर्ने कर्मचारीको हुनेछ ।

(ग) स्थानीय प्रहरींबाट गरिने अनुगमन : उत्खनन तथा ओसार पसार कार्यको अनुमति प्रदान भै सके पछि स्थानीय प्रहरीले अनुमतिका शर्त पालना भए नभएको अनुगमन गर्ने छ । यसरी अनुगमन गर्दा शर्त उल्लघन भएको पाइएमा उल्लघनकर्ता र उल्लघनमा संलग्न सवारी साधनलाई समेत नियन्त्रणमा लिई कार्यालय समक्ष पेश गर्न सक्नेछ ।

## परिच्छेद ७

७.१ विविध : धरौटी सम्बन्धी व्यवस्था

७.१.१ धरौटी राख्न लगाउन सक्ने : अनुमति प्रदान गर्नु पूर्व अनुमति माग गर्ने पक्षबाट शर्त उल्लघन गर्न सक्ने हुनाले कार्यालयले अनुमतिका लागि लाग्ने राजश्व बरावरको रकम धरौटी स्वरुप राख्न लगाउन सक्नेछ ।

७.१.२ धरौटीबाट असुलउपर गर्न सक्ने : यस कार्यविधि बमोजिम अनुमति प्रदान गरिएको कुनै कार्यमा अनुमति प्राप्तकर्ता ५.१ बमोजिम कारवाहीमा परी निर्धारित थप रकम नबुझाएमा वा निजले भर्नु पर्ने कुनै दायित्व पुरा नगरेमा धरौटी रकमबाट असुल उपर गरिनेछ ।

७.१.३ धरौटी फिर्ता सम्बन्धी व्यवस्था : अनुमति बमोजिमको उत्खनन तथा ओसार पसार गर्ने कार्य सम्पादन भए पछि निजको कुनै दायित्व नभएमा ३५ दिन भित्र धरौटी राखेको रकम कार्यालयले फिर्ता दिनेछ।

७.२ निर्देशन पालना गर्नु पर्ने : उत्खनन तथा ओसार पसार कार्यको अनुमति प्राप्त व्यक्ति संस्थाले प्राप्त गरेको अनुमति पत्रमा जुन सुकै शर्त उल्लेख भएको भए तापनि कार्यालयले दिएको निर्देशन पालना गर्नुपर्नेछ।

७.३ प्रदेश कानून वमोजिम हुने : उत्खनन तथा ओसारपसार कार्य सम्वन्धमा प्रदेश कानून निर्माण भई व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

## अनसूचि १

**बुटवल उप-महानगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**बुटवल, रुपन्देही**

### स्थलगत रुपमा सामाजिक तथा वातावरणीय लेखाजोखा गर्ने फाराम

निजी जग्गामा यान्त्रिक उपकरणको प्रयोग गरी माछापोखरी निमार्ण गर्ने/इटा उद्योग सन्चालन गर्ने, जग्गा विकास गरी खेतीयोग्य बनाउने कार्यका लागि प्रारम्भिक चरणमा सम्बन्धित प्राविधिक कर्मचारीबाट स्थलगत रुपमा गरीएको संभाव्यता अध्ययन र प्राविधिक तथा सामाजिक लेखाजोखा सम्बन्धी प्रतिवेदन ।

१. **निवेदकले पेश गरेको विवरण सम्बन्धमा प्राविधिक कर्मचारीबाट स्थलगत रुपमा गरिएको सत्य तथ्य प्रमाणीकरण ।**

(क) निवेदक जग्गा धनीको नाम थर : सम्पर्क फो.न. :

(ख) ठेगाना : बुटवल उमनपा............वार्ड.नं........टोल :............................................

(ग) माछा पोखरी निर्माण/इट्टा उद्योग सञ्चालन स्थलको ठेगाना :......................................

(घ). प्रस्तावित माछापोखरी निमार्ण/इटा उद्योग निर्माण गरीने जग्गाको कि.नं. क्षेत्रफल

(ङ) ........................................ गा.पा. वा न.पा. को सिफारिस मिति.................. च.न....

(च) माछा पोखरी बनाउने/जमिन सम्याउने/उत्खनन गर्नु पर्नाको कारण :(निवेदकको भनाईमा) ........................................

(छ) माछा पोखरी बनाउने/जमिन सम्याउने/उत्खनन गर्नु पर्नाको कारण:( प्राविधिक कर्मचारीको भनाइमा).......................................

(ज) उल्लेखित विवरण मैले सम्बन्धित कार्य स्थलमा गै सत्य तथ्य बुझि पछिसम्म फरक नपर्ने गरी तयार गरेको छु भनि सहि गर्ने कर्मचारीको नाम थर :

पद :

दस्तखत: मिति :

२. **प्राविधिक लेखाजोखा सम्बन्धी गरिएको सत्य तथ्य प्रमाणीकरण ।**

(क) प्रस्तावित माछा पालन वा अन्य प्रयोजनका लागि उत्खनन् गरिने स्थानको क्षेत्रफल :

१. कुल लम्बाई चौडाई उचाई

(ख) उत्खनन् गर्दा निस्कने सबै पदार्थको कुल परिमाण :

(ग) निमार्ण स्थलबाट हटाउनु पर्ने वा वाहिर निकासी गर्नु पर्ने भू-पदार्थको कुल परिमाण :

१. हटाउनु पर्ने परिमाणको विवरण : माटो ... मिस्कट..

बालुवा ... अन्य..

२. दैनिक ओसार पसार हुने कुल परिमाण :

३. ओसारपसार गरी लैजाने स्थान :....

४. उत्खनन् गर्न प्रयोग गरिने यन्त्र औजार : गाडी नं.

५. बोकी लैजाने सवारी साधनहरु :.... गाडी नं. गाडी नं.

६. स्वउपयोगबाट बँचेको पदार्थ हटाई लैजान लाग्ने अवधि :

(घ) उत्खनन् कार्य सम्पन्न हुने प्रस्तावित मिति :

(ङ) कार्य सम्पन्न भए पछि निरीक्षण गराउने मिति :

उल्लेखित सवै विवरण नगरपालिकाबाट खटिएका कर्मचारीले मेरो उपस्थितिमा नाप जाँच गरी भरेका हुन भनि सहि गर्ने जग्गा धनिको नाम थर : दस्तखत मिति

उल्लेखित सवै विवरणहरु मैले सम्बन्धित स्थलमा गै जग्गा धनिको रोहवरमा तयार गरेको हुँ सबै विवरणहरु सहि सत्य छन भनि सहि गर्ने कर्मचारीको नाम थर :

दस्तखत: मिति :

३. **सामाजिक लेखाजोखा सम्बन्धी गरिएको सत्य तथ्य प्रमाणीकरण ।**

(क) पोखरी निर्माण गरिने जग्गाको चौकिल्लाका सधियारहरुको विवरण र मन्जुरी

हाम्रो जग्गाको साँध सिमानामा रहेको जग्गा धनि श्री........................................................को जग्गामा निजले .........................................कार्य गर्ने प्रस्ताव गरेको कुरा थाहा भयो । निजले सो कार्य गरेमा हामी चार किल्लामा रहेका तपशिलका जग्गा धनिहरुलाई कुनै आपत्ति छैन भनि नगरपालिकाका .........................पदका कर्मचारी श्री..............................................को रोहवरमा मन्जुर गरी दस्तखत गरि दियौं ।

| दिशा | चार किल्लाका जग्गा धनिको नाम थर | दस्तखत |
|---|---|---|
| पूर्व | श्री | |
| पश्चिम | श्री | |
| उत्तर | श्री | |
| दक्षिण | श्री | |

रोहवर:

श्री................................................ पद. दस्तखत :

(ख) उत्खनन भै निस्कने पदार्थहरु ओसार पसार गरी लैजाने स्थानीय सहायक मार्गको नाम :

(ग) उक्त मार्ग वरि परि बस्ने स्थानीय वासीको प्रतिकिया :

(घ) ओसार पसारका कममा पर्न सक्ने वातावरणीय असरहरु :

(ङ) असर न्यूनीकरणका लागि ढुवानीकर्ताले अपनाउनु पर्ने सावधानीहरु :

१.

२.

३.

४.

(च) प्रस्तावित पोखरी निर्माण स्थल कुनै सांस्कृतिक , पुरातात्विक वा अन्य संरक्षित क्षेत्र वा निषेधित क्षेत्रमा पर्ने वा नपर्ने कुरा : (पर्ने भए के कस्तो हो उल्लेख गर्ने)

४. स्थलगत अध्ययन गरी सवै विवरणहरु ठिक भएकाले ............................................ गर्न अनुमति दिन उपयुक्त छ भनि सहि गर्ने कर्मचारीको नाम थर :

पद:

दस्तखत : मिति :

**५. प्राविधिक प्रमुखको राय :**

स्थलगत अध्ययन विवरण र प्राविधिक नाप जाँचका आधारमा .................................. अनुमति दिन मनासिव भएकोले सिफारिस गर्दछु ।

प्राविधिक पमुखको नाम थर :

दस्तखत :

मिति: छाप :

६. राजश्व शाखाको राय :

राजश्व निर्धारण :.....

राजश्व बुझाएको विवरण : उमनपाको नगदी रसिद नं.......................................................वा ................... शाखा स्थित बुटवल उपमहानपाको खाता नं.................................................. मा मिति.......................................मा नगदी रु.................. अक्षरेपी..................................................................................दाखिला भएको देखिन्छ ।

दस्तखत :..... मिति :

७. स्थलगत प्राविधिक अध्ययन तथा सामाजिक लेखाजोखाका आधारमा भारी यान्त्रिक उपकरण प्रयोग गरी ..................... प्रयोजनका लागि उत्खनन् गर्न स्वीकृति दिने अधिकारीको

दस्तखत : नाम: पद: मिति :

## अनुसूचि २

**(निजी जग्गामां उत्खननका लागि जग्गा धनिले नगरकार्यपालिकाको कार्यालयमा दिने निवेदनको ढाँचा)**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

उपमहानगर नगर कार्यपालिकाको कार्यालय, बुटवल रुपन्देही ।

मिति :

**विषय : निजी जग्गा उत्खनन गरी निस्कने पदार्थ हटाई पाउँ ।**

मेरो नाममा दर्ता कायम रहेको जिल्ला रुपन्देही........................................ गा.पा./नपा वडा नं ......................... स्थित किं.नं.....................को अन्दाजी जग्गा ..................................मा....... ................................. कार्य गर्न यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन गर्ने अनुमति पाउन सादर अनुरोध गर्दछु ।उत्खनन बाट निस्कने पदार्थहरु अन्यत्र ओसार पसार गर्ने/नगर्ने भएकोले नियमानुसार दस्तुर लिई अनुमति पाउन उनुरोध गर्दछु । आबश्यक प्रमाणहरु निम्नानुसार रहेको छ ।

<u>तपशिल</u>

१. जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि १

२. नेपाली नागरिकताको प्रतिलिपि १

३. सम्बन्धित वडाबाट चौकिल्ला खुलाई गरिएको सिफारिस १

४. मालपोत तिरेको रसदिको प्रतिलिपि १

५. कि.नं देखिने नाप नक्सा प्रतिलिपि १

<u>निवेदकको</u>

नाम थर:-

ठेगाना :-

दस्तखत :-

मिति :-

प्रस्ताव नं. ३५.५.२

**टाइमकार्ड प्रणाली लागु गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३५.५.२

यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको शहरी पूर्वाधार विकास महाशाखा अन्तर्गतबाट सम्पादन हुने भवन, भवन संहिता र निर्माण इजाजत (डिजाइन समेत) जस्ता काम कारवाहीहरुलाई सहज, सरल, पारदर्शी, सेवाग्राहीमैत्री बनाई आम नगरबासी सेवाग्राहीहरुको भावनाको कदर गर्न आवश्यक भएको हुँदा मिति २०७५/०९/१९ गतेको सार्वजनिक सेवा तथा क्षमता विकास समितिको निर्णय समेतका आधारमा नक्शा पास प्रक्रियाका लागि जनप्रतिनिधि हेल्पडेक्स सहित टाइमकार्ड प्रणाली लागु गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३५.५.३**

**अटो भिलेज क्षेत्रको जग्गा बहाल सम्झौता सम्बन्धमा ।**

**निर्णय नं. ३५.५.३**

यस बुटवल उप-महानगरपालिकाको वडा नं. २/११ स्थित उजिर सिंह नगरमा अटो भिलेजको स्थापना गरिएको हुँदा स्थापित अटो भिलेजको सञ्चालन, व्यवस्थापन निर्दिष्ट उद्देश्य र भावना अनुरुप भए नभएको सन्दर्भमा एकिन गर्ने र उक्त क्षेत्रको जग्गा बहाल सम्झौता समेत तयार गर्न आवश्यक भएको हुँदा मिति २०७५/१०/१५ गते भित्र प्रतिवेदन दिने गरी देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री गुमादेवी आचार्य, उप-प्रमुख | -संयोजक |
| श्री महेन्द्र प्रसाद लिगल, वडाध्यक्ष, वडा नं. १ | -सदस्य |
| श्री रमेश प्रसाद नेपाल, वडाध्यक्ष, वडा नं. २ | -सदस्य |
| श्री रामचन्द्र क्षेत्री, वडाध्यक्ष, वडा नं. ११ | -सदस्य |
| श्री शिव नारायण शाह, वरिष्ठ अधिकृत | -सदस्य सचिव |

**प्रस्ताव नं. ३५.५.४**

**भवन निर्माण कार्य सम्बन्धमा ।**

**निर्णय नं. ३५.५.४**

बुटवल उप-महानगरपालिकाको आ.व. २०७३/०७४ को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत नगर विकास कोषको ऋण तथा अनुदान सहयोग र उजिर सिंह मा.वि. बुटवल- २ को संयुक्त लगानीमा विद्यालय भवन तथा स्थानीय उत्पादन बिक्री केन्द्र (B-Block) भवन निर्माण कार्यका लागि बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय र सुनिल समिर जे.भि. तम्घास, गुल्मी बीच मिति २०७४/०७/०१ मा उक्त कार्य मिति २०७५/०६/३० भित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भई निर्माण कार्यको कार्यादेश दिइएकोमा निर्माण व्यवसायीले समयमै साईट क्लियर नभएको, स्थानीय तहको निर्वाचन र कार्य अवधिमा वर्षात सुरु भएको कारण जनाई २०७५ चैत्र मसान्तसम्म म्याद थपका लागि निवेदन पेश भएको र सम्बन्धित प्राविधिकको प्रतिवेदन बमोजिम निवेदकको व्यहोरा साचो भएकोले माग बमोजिम म्याद थप गरिदिन मनासिव देखिन्छ भन्ने राय पेश भएको हुँदा नगर विकास कोष र बुटवल उप-महानगरपालिका नगर कार्यपालिका बीच भएको सम्झौता शर्त बमोजिम ऋण तथा अनुदान सहयोग रकमको सुनिश्चितता र आर्थिक दायित्व नबढ्ने गरी म्याद थपका लागि सहमति लिनुपर्ने देखिएकोले सो सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३५.५.५**

**निर्माण इंजाजत सम्बन्धमा ।**

**निर्णय नं. ३५.५.५**

यस बुटवल उप-महानगरपालिकाको भवन निर्माण तथा योजना मापदण्ड २०७५ मा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ बमोजिम नदी किनारमा भवन निर्माण गर्दा ३० मिटर छाडेर भवन निर्माण गर्ने, सोही मापदण्डलाई आधारमानी नक्शा पास गर्ने व्यवस्थाले यस उप-महानगरपालिकाको वडा नं. १ र २ जुन पुरानो बटौली ऐतिहासिक बस्ती रहेको क्षेत्रमा बसोबास गरिरहेका नगरबासीहरुले नक्शा पास गरी भवन निर्माण गर्दा अधिकांश नदी किनाराका जग्गाधनिहरुको स्वामित्वको जग्गामा नक्शा पास गरी भवन निर्माण गर्न सक्ने अवस्था नभई नगरबासीहरु अन्यौल एवं मर्कामा परेको बुझिएकाले ऐतिहासिक बजार क्षेत्र सम्पदा बस्तीका लागि छुट्टै मापदण्ड बनाउन सक्ने व्यवस्था समेत सोही मापदण्डमा देखिएको हुँदा उल्लखित समस्याको तत्कालै सम्बोधन गर्ने गरी यस प्रकारका ऐतिहासिक सम्पदा बस्तीमा भवन निर्माण गर्न के कस्तो मापदण्ड तैयार गरी लागु गर्न सकिन्छ । सो विषयमा विज्ञ समेतबाट अध्ययन गराई प्रतिवेदन पेश गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३५.५.६**

**जग्गा माग सम्बन्धमा ।**

**निर्णय नं. ३५.५.६**

यस बुटवल उप-महानगरपालिकाको पहल एवं अगुवाइमा स्थापित लुम्बिनी वाणिज्य क्याम्पस बुटवल-११ लाई डिम विश्व विद्यालयका रुपमा परिणत गर्न आवश्यक भएको र हाल अवस्थित बुटवल-११ को क्याम्पस परिसरको जग्गा अपर्याप्त हुने भएकोले डिम विश्व विद्यालयका लागि कम्तीमा ३० विगाह क्षेत्रफल जग्गा हुनुपर्ने आधारभूत मापदण्ड भएको बुझिएकाले दिन विश्व विद्यालय स्थापना गर्ने प्रयोजनका लागि बुटवल-१२ स्थित कोरिया नेपाल इन्ट्रिच्यूट अफ टेक्नोलोजीको उत्तर तर्फको चारपाला सामुदायिक वन क्षेत्र भित्रको बुट्यान रहेको जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३५.५.७**

**आय व्यय विवरण सम्बन्धमा ।**

**निर्णय नं. ३५.५.७**

यस बुटवल उप-महानगरपालिकाको चालु आ.व. ०७५/०७६ को प्रथम चौमासिकसम्ममा विभिन्न कर, शुल्क, दस्तुर तथा गत वर्षको अल्या समेत गरी जम्मा आन्तरिक आय रु. २०,०८,४७,९९७।९९ पैसा एवं राजश्व बाँडफाँड संघीय सरकारबाट रु. ३,१३,२५,४६२।८२ र संघीय सरकारबाट प्राप्त अनुदान रु. १९,०५,४३,८९४।०० गरी जम्मा आम्दानी रु. ४२,२७,१७,३५४।८१ भई सोही अवधिमा चालु खर्च तर्फ रु. १८,६९,७१,२९९।४७ पैसा, पुँजीगत खर्च तर्फ रु. ७,२९,७२,६३६।२७ पैसा गरी जम्मा रु. २५,९९,४३,९३५।७२ खर्च भएको व्यहोरा आजको कार्यपालिका बैठकमा जानकारी भयो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।